# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 9 Monthly International Edition of Herald of His Coming September 2018

वर्ष १९, अङ्क ९ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असोज, २०७५)


# प्रत्येक मानिसको काम ... आगोद्वारा प्रकट हुने
## Every Man's Work ...Shall be Revealed by Fire

**By George D. Waston**

Vol 76 No. 12 (912)

हरेक मानिसको काम अन्त्यका दिनमा जब न्याय हुनेछ, त्यो आगोद्वारा हुनेछ भन्ने बारेमा कोरिन्थी ३ अध्यायमा यसरी लेखिएको छ, "किनकि जुन जग बसालिएको छ, जो ख्रीष्ट येशू हुनुहुन्छ त्यसबाहेक कुनै मानिसले अर्को जब बसाल्न सक्दैन । अब यदि कुनै मानिसले यस जगमाथि सुन चाँदी, बहुमूल्य पत्थर, काठ घाँस वा पराल प्रयोग गरेर घर बनाए भने, प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ । त्यो आयोगद्वारा प्रकट हुनेछ र हरेकले कस्तो काम गरेको छ, सो आयोगले जाँच गर्नेछ । यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम गरिरह्यो भने उसले इनाम पाउने छ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नु पर्नेछ तर त्यो आफै चाहिँ आगोबाट उम्केझैं बाँच्नेछ । " (१ कोरिन्थी ३ : ११-१५)

यो विशेष गरेर एकदमै डरलाग्दो बाइबलको परमेश्वरको काममा मानिसले गरेको न्यायको जाँच गर्ने खण्ड हो । सम्पूर्ण ख्रीष्टियनहरूको जग ख्रीष्ट येशू नै हुनु पर्छ । "जुन जग बसालिएको छ, त्यो जग ख्रीष्ट येशू हुनुहुन्छ ।" यो जग भनेको विश्वासको जग हो जसले हाम्रो विश्वासलाई बचाउन सहायता मिल्दछ र हाम्रो विश्वासको जग हो, साथै येशूको नाउँमा पवित्र आत्माको सहायतामा गरिने असल काम हो । संसारमा अर्को कुनै धर्म वा व्यक्ति छैन असल कामलाई स्वीकार गर्ने, केवल परमेश्वरका एक मात्र पुत्र येशू ख्रीष्ट हुनुहुन्छ । रोमीको पुस्तकले यसरी भन्दछ, "तिमी किन आफ्नो भाइको इन्साफ गर्छौं ? अथवा तिमी आफ्ना भाइलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय आसनको सामुन्ने खडा हुनेछौं । लेखिएको छ, प्रभु भन्नुहुन्छ जस्तो म जीवित छु प्रत्येक घुडा मेरो साम्ने टिक्नेछन् र हरेक जिब्रोले परमेश्वरको प्रसंसा गर्नेछ । त्यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं ।"(रोमी १४ : १०-१२) त्यस्तै कोरिन्थीमा अर्को खण्डले पनि यसरी भन्दछ, "किनकि हामी सबै ख्रीष्टको न्याय आसनको सामुन्ने खडा हुनुपर्छ । यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ । यसकारण प्रभुको भय थाहा गरेर हामी मानिसहरूलाई मनाउँछौ । तर हामी जे गर्छौं परमेश्वरले जान्नुहुन्छ र म आशा गर्दछु त्यो तिमीहरूका विवेकमा पनि प्रस्टै होला ।" (२ कोरिन्थी ५ : १० -११) त्यस्तै प्रकाशको पुस्तकले पनि यसरी भन्दछ,"हेर म चाढै आउदै छु, हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल म सँग छ ।" (प्रकाश २२ :१२)

हामीले हाम्रो विश्वासलाई बचाइराख्ने र अन्तमा इनाम पाउने बारेमा राम्रोसँग थाहा पाउनु पर्छ,

कतिचोटि खीष्टियनहरू झुकिन्छन् कि मुक्ति र इनाम के हो भन्ने बारेमा हामी विश्वासद्वारा खीष्टमा मात्र बचाइएका छौ। हामीहरू अनुग्रहबाट विश्वासद्वारा उद्धार पाएका छौँ। यो परमेश्वर को वरदान हो (एफिसी २ : ८ - ९) तर हाम्रो काम अनुसार हामीले इनाम पाउनेछौँ। जुन काम हामी यस संसारमा हुँदा वा शरीरमा हुँदा गर्दछौँ, त्यसैको न्याय हुनेछ।

विश्वासलाई बचाउन सकिएला तर असल काम गर्न यति सजिलो छैन। विश्वासलाई बचाउन खीष्टमा विश्वास गरौँला र उहाँमात्र मुक्तिदाता हुनुहुन्छ भनेर निश्चयता पनि गरौँला तर असल काम गर्न हाम्रो खुबीले र हाम्रो सोचाइले हुन सक्दैन। विश्वासलाई बचाउनुले स्वर्गीय राज्यमा प्रवेश गराउँदछ तर असल कामको इनामले मात्र स्वर्गीय राज्यको निम्ति बुँदा बन्न सक्छ, जसले परमेश्वरको महिमा गर्नेछ। विश्वासलाई बचाउन अहिलेको जीवनमा हो तर इनाम खीष्टको दोस्रो आगमनमा दिइने छ र त्यतिबेला खीष्टको अगाडि न्यायको निम्ति उभिनु पर्नेछ। हामी सबै एक किमिसले बचाइएका छौँ तर सबै एउटै इनामको योग्य बन्न सक्दैनन् किनकि हामी सबैले आफ्नो काम अनुसार इनाम पाउनेछौं।

**फरक फरक थोकले जग बसाउनु-** खीष्टियनहरूले आफ्नो विश्वासको जग बसाउँदा बनाउने विभिन्न प्रकारका जगहरूको बारेमा केही कुरा गरौँ। जसले खीष्टलाई पूर्णरूपले भरोसा गरेका हुन्छन्, तिनीहरूको विश्वासको जग सत्यतामा हुन्छ। तर कसै-कसैको खीष्टियन जीवन खीष्टयेशूको सत्यतामा नभई अरु बाहिरी कुरामा वा सांसारिक कुरामा राम्रोसँग जग बसालेका हुन्छन् र इनामको निम्ति काम गरेका हुन्छन्।

प्रेरित भिन्दाभिन्दै छ प्रकारका थोकहरूको सहायताबाट बसालिएको जगको बारेमा कुरा गर्दछन् जस्तैः सुन, चाँदी, बहुमूल्य मुगा, यिनीहरू जलेर नष्ट नहुने थोकहरू र काठ, पराल खर जनचाहिँ आगोमा जलेर नष्ट भएर जान्छ।

प्रत्येक मानिसले आफ्नो धार्मिक जग बनाएको हुन्छ। उनीहरू जसमाथि विश्वास गरेका हुन्छ र उनीहरूले पाएको अनुग्रह अनुसार उनीहरूले शारीरिक र आत्मिक जग बसाएका हुन्छन्। शारीरिक जग बसाउने संसारका हुन्छन् भने आत्मिक जग बसाउने स्वर्गीय राज्यका हुन्छन्।

यसको अर्थ आत्मिकी विश्वासीले खीष्टको वचनमा जग बसालेको हुन्छ र उसको घर स्वर्गको निम्ति मजबुत हुन्छ। उसलाई घर भत्कने सम्बन्धमा कुनै किसिमको चिन्ता हुँदैन तर जसले संसारको थोक जुन चाहिँ नष्ट भएर जान्छ त्यसमाथि आफ्नो जग बसालेको छ, त्यसलाई सधैँ चिन्ता हुन्छ, मेरो घर भत्केर नष्ट पो हुने हो कि र त्यो नष्ट पनि भएर जान्छ। जब इनामको दिन आउँदछ तब उसको सबै भताभुङ्ग भएको हुन्छ। त्यसैले आजलाई होइन, न्यायको दिनमा पाउने इनामको निम्ति काम विश्वास गरौं।

खीष्ट भएका अगुवाहरू जो पवित्र आत्माले अभिशेष नभएकाले वचन दिँदा उनीहरूले सांसारिक थोकमा आधारित भएर वचन दिन्छन् भने जो पवित्र आत्माको आगोले अभिषेक भएका र खारिएका छन् जसको जग सत्य खीष्टको वचनमाथि छ, तिनीहरूले वचन दिँदा परमेश्वरको महिमा हुने र वचनमा भएको सत्यतालाई उहाँकै वचनमा आधारित भएर सत्यतालाई प्रचार गरेका हुन्छन्। साथै शारीरिक खीष्टियन अगुवाले आफ्नै महिमा हुने बोलेका हुन्छ। आफ्नै स्वार्थको निम्ति कुरा गरिरहेका हुन्छन्। संसारका थोकलाई विशेष जोड दिएका हुन्छन्। उनीहरूको प्रार्थना पनि स्वर्गीय पितालाई सम्बोधन गरेर मागेका हुँदैनन्, त्यसैले प्रार्थना पनि सुनिएको हुँदैन। कसैकसैले बाइबलका विशेष शिक्षकहरू हुन्छन्। उनीहरूलाई बाइबलसम्बन्धी अलिक थाहा हुन्छ। सबै उहाँको सत्यतालाई आफ्नो नाममा मिसाएर आफ्नो शक्ति प्रदर्शन गरेका हुन्छ र विशेष ईश्वर शास्त्रलाई मानिसको बीचमा फालिदिन्छन् तर मानिसले केही बुझेका हुँदैनन्।

हाम्रा धार्मिक विचारहरू परमेश्वरलाई रिझाउनको निम्ति विभिन्न तरिकाहरू हुन सक्छन् तर परमेश्वरको साँचो वचन उहाँको सत्यमा रहेर मात्र प्रचार गर्न सकिन्छ। आउनुहोस्! विचार गरौं, हामीले जग कता बसालेका छौँ। हाम्रो घरको जग कुन किसिमको सामग्रीले बनिएको छ। सत्यताका सामग्रीले कि नष्ट हुने बहुमूल्य धातुले विचार गरौं र असल बाटो लागौं।

**प्रस्टसँग काम गरेको देखुन्-** परमेश्वर एक मात्र हुनुहुन्छ जसले खीष्टियनहरूले गरेको असल कामलाई हेरिरहनु भएको छ, उनीहरूको चरित्र र कामलाई याद गर्नुभएको छ कति उसले आत्माको काम गरेको छ र कति उसले शरीरको काम गरेको छ भन्ने उहाँलाई स्पष्ट भएको हुन्छ।

जब विश्वासहरू न्यायको सिंहासनमा खीष्टको अगाडी उभिने छन्, त्यतिखेर सत्यताको निम्ति वा धार्मिकताको निम्ति सताइने र शरीरको अभिलाषाको निम्ति वा धार्मिकताको निम्ति सताइने र शरीरको अभिलाषाको निम्ति सताइने छुट्टाइने छन् । कोरिन्थीमा पावलले यसरी भन्दछन् "प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिने छ । त्यो आगोद्वारा प्रकट हुनेछ र हरेकले कस्तो काम गरेको छ सो आगोले जाँच गर्नेछ । यदि कुनै मानिसले त्यस जग माथि बनाएको काम रह्यो भने उसले इनाम पाउनेछ । यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नु पर्नेछ ।" (१ कोरिन्थी ३ : १३ - १५क)

खीष्टका जनहरूले कस्तो काम गरे भनेर थाहा हुन्, जब उनी खीष्टको सिंहासनमा न्यायको निम्ति उभिने छन् र आगोद्वारा जाँच हुनेछ, त्यति समयमा मात्र असल कामको निम्ति असल इनाम खराब काम निम्ति खराब इनाम हुनेछ ।

यो समयमा गरेका सबै कामको न्याय गर्न सम्भव देखिँदैन किनकि अहिलेको सबै कुरा मिसाबाट भएको हुन्छ साथै जीवनको अनन्तताको कारण जुनचाहिँ अहिले हामी बाँचिरहेका छौं । कुनै पनि कामको नतिजा अहिलेको जीवनमा देख्न सकिँदैन तर त्यो मानिसको स्वभावले पनि हामीले यो आत्मिक मान्छे हो र यो शारीरिक मानिस हो भनेर छुट्टाउन सकिन्छ ।

एउटा समुद्रमा ९, १० वटा आइस ब्यागहरू देखाइएको हुन्छ तर हाम्रो हातमा एउटा मात्र पर्न सक्छ, त्यस्तै आत्मिक जीवनमा पनि एउटा समुन्द्रमा आइस ब्याग उत्रेजस्तै हो जुन कामका झोलाहरू धेरै हुन्छन्, प्रभुले कति भेट्टाउनु हुन्छ । हामीले थुप्रै काम गरेका हुन्छौं तर कुन काम र कति काम आगोले खारिँदा पनि रहिरहन्छ । विभिन्न मानिससँग विभिन्न स्वभाव र विभिन्न प्रकारको कामहरू हुन्छन् । सबै मानिसको काम आगोद्वारा प्रकट हुनेछ भनिसकेका छौं ।

जब शमूएलकी आम हन्नाले धन्यवाद दिँदै गर्दा यो प्रार्थना चढाइन् कि सबै कुरा परमप्रभुबाट नै जोखिन्छ (१ शमूएल २ : ३) यो एउटा अचम्मको प्रकट हो । परमेश्वरले हाम्रो कार्यको जोखा गर्नु र हाम्रा शब्दहरूको लेखा राख्नुहुन्छ र आगोद्वारा हाम्रो बीचमा प्रकट गर्नुहुन्छ, "यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ । यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ तर त्यो आफै चाहिँ आगोबाट उम्केझै बाँच्ने छ ।" (१ कोरिन्थी ३ : १४-१५) यो अनुच्छेदले जुन मानिसले वर्गको निम्ति दुःखभोग गर्नेछ । त्यसले अन्यका दिनमा बचाइने छ जुन मानिसले आफ्नै अभिलाषाको निम्ति दुःखभोग गर्दछ, आगोको दर्दमा र बाँच्न दुःख हुनेछ । इनाम उसको युद्ध काम र सत्य विश्वास अनुसार अहिलेनै तोकिएको हुन्छ । जुनसुकै मानिसले असल काम गरेको छ भने तुरुन्त खराब गर्न सक्दैनन् । इनाम तिनीहरूको कामअनुसार तोकिएको हुन्छ र तिनीहरूका सबै कामलाई परमेश्वरले जोख्नु हुनेछ । हाम्रो जीवनमा सानो ठूलो जस्तोसुकै कामको पनि प्रभुले इनाम राख्नुभएको छ येशूले भन्नुभयो, यदि तिमीहरूले एक गिलास पानी कसैलाई मेरो नाउँमा दियौं भने पनि म त्यसको लेखा राख्नेछु । "किनभने जसले तिमीहरू खीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउने छैन ।"(मर्कूश ९ : ४१)

त्यसैले हामी आफैले आफैलाई विचार गरौं परमेश्वरले त हाम्रो काम र विश्वासको जग कहाँ छ, त्यो हेरेर इनाम दिनुहुने रहेछ आज हामी कहाँ छौं ? हाम्रो जग के मा छ ? हामीलाई केले उत्प्रेरित गरेको छ ? कस्तो इनामको निम्ति हामी तयार भएका छौं ? यदि कुनै चुकेका छौं भने, उहाँसँग नर्झकीकन दिनुहुने हाम्रा पितालाई भागौं उहाँले पक्का पनि दिनुहुनेछ ।

## प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

# प्रार्थना र उपवास

## Prayer and Fasting

**By Andrew Murry**

Vol 76 No 9 (909)

प्रभु येशूले यस पृथ्वीमा हुँदा अचम्मको काम गर्दै हिँड्नुहुँदा आफू पनि उपवाससहित आफ्नो सेवकाईलाई सुरु गर्नुभएको थियो र चेलाहरूलाई पनि त्यही सिकाउनुभयो। परमेश्वरको वचनले यसरी भन्दछ कि "तब चेलाहरूले येशूकहाँ गुप्तमा आएर भने, हामीहरूले त्यसलाई किन निकाल्न सकेनौं ? उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरूका अल्पविश्वासका कारण हो। साँच्चै म तिमीहरूलाई भन्दछु कि तिमीहरूमा एउटा रायोकोदाना जति विश्वास भएदेखि यस डाँडालाई यहाँबाट हटिजा भन्यौ भने हटिजानेछ, र, तिमीहरूका निम्ति केही असम्भव हुने छैन। तापनि यस किसिमका भूतचाहिँ प्रार्थना र उपवासविना निक्लँदैन।" (मत्ती १७ : १९ - २१)

जब चेलाहरूले एउटा छारेरोग लागेको केटालाई निको पार्न सकेनन् तिनीहरूले येशूलाई सोचे कि हामीले किन निको पार्न सकेनौं ? उहाँले सबै शक्ति र अधिकार दिनुभएको थियो (लूका ९ : १) त्यसैले उनीहरूले उत्साही भएर हामीले कसरी भूतआत्मा माथि विजयी हुन सक्छौ भनी सोधे। यतिखेर उहाँ डाँडामा हुनुहुन्थ्यो। त्यहाँ चेलाहरूको बीचमा हरेक कुरा उहाँमा सम्भव छ भनेर प्रमाणित गरेर देखाउनुभयो। येशूले सबै भूतआत्मालाई धपाउनुभयो। त्यो अधिकार खीष्टले हामीलाई दिनुभएको छ हामीले पनि किन गर्न नसक्ने त ? चेलाहरूले पनि खीष्टको नाउँ पुकारेका थिए होला र येशूको नाउँमा यो भूतआत्मा निस्की जा भनेका थिए होला। उनीहरूले येशूबाट भूत आत्मालाई धपाउने अधिकार पनि पाएका थिए। तर उनीहरूले त्यो विश्वासद्वारा लिनुपर्थ्यो। के तिनीहरूसँग उहाँमा पूर्ण विश्वास थियो त ? उनीहरूले पूर्णरूपमा विश्वास गरेको भए संसारको जुनसुकै ठाउँमा भएर पनि येशूको नाउँमा भूत धपाउन सक्ने थिए। तर त्यो काममा उनीहरू सफल हुन सकेनन् किनकि उनीहरूको अविश्वासको कारण चेलाहरूसँग आफ्ना गुरु सँगसँगै हुनुहुँदा त यो यिनीहरूले गर्न सकेनन्। कहिलेकाहीँ कति चेलाहरू खीष्टमा पूर्ण विश्वास गर्न नसकेको कारण हरेक काम गर्दा बाधा आउँदछ। आजको मण्डलीले यो भोगिरहनु परेको छ।

**आत्मिक जीवनको अवस्था :** विश्वासको चाहना गर्नु नै मुख्य कारण हुनसक्छ। त्यसकारण चेलाहरूले सोधेको हुनुपर्छ। किन हामीले भूत निकाल्न सकेनौं ? त्यसो भए हामीले गरेको विश्वासको अनुभव के हो त ? त्यसपछि येशूले तिनीहरूलाई भन्नुभयो, यसप्रकारको भूतचाहिँ प्रार्थना र उपवासविना निस्किँदैन। आत्मिकी जीवन मानिसको सबैभन्दा महत्वपूर्ण तत्व हो। जब पवित्र आत्माले हाम्रो जीवनमा काम गर्नुहुन्छ, हाम्रा सबै कार्यहरूमा फेरबदल आएको हुन्छ। हाम्रो आत्मिकी जीवनमा परमेश्वरको आत्माले भरिपूर्ण हुनु नै हाम्रो विश्वासमा भर पर्दछ। जब आत्माका फलहरू हाम्रो जीवनबाट देखिन थाल्छ यसले काम गर्दछ। त्यसैकारण येशूले यो थपिदिनुभयो, "तापनि यस किसिमको भूतचाहिँ प्रार्थना र उपवासविना निस्किँदैन।" यस्तो ठाउँमा हाम्रो विश्वासले ठूलो खाँबोको काम गरेको हुन्छ। येशूले तिनीहरूलाई भन्नुभयो कि यो काम गर्न परमेश्वरको नजिकमा नगईकन सकिँदैन। यो संसारको निम्ति परमेश्वरको विशेष योजना छ। त्यसैकारण उहाँले मानिसहरूलाई यही भनेर उत्साह दिन चाहनुहुन्छ कि प्रार्थना र उपवास सबैभन्दा महत्वपूर्ण हुन्छ।" त्यसैले यदि हामीले आफ्नो आत्मिकी जीवनमा फल फलोस् भन्ने चाहना राख्दछौं भने परमेश्वरको नजिक हुन नितान्त आवश्यक हुन्छ।

**प्रार्थनालाई विश्वास चाहिन्छ :** आत्मिकी जीवन अगाडि बढ्न पूर्ण रूपमा विश्वासको प्रार्थना चाहिन्छ। विभिन्न प्रकारको आत्मिकी जीवनमा यदि प्रार्थना र विश्वास छैन भने सबै ढोकाहरू बन्द हुन्छन् अथवा हाम्रो कार्य सफल हुन सक्दैन। विश्वास विना प्रार्थना सत्य बन्दैन र विश्वासको बाटो पनि प्रार्थ्ना नै हो। त्यसैले प्रार्थना र विश्वासमा कुनै पनि ठूला सानो हुँदैन। यी दुवै बराबर अस्तित्वका छन्। येशूले यही भन्नुभयो। हाम्रो विश्वास बढाउनको निम्ति अरू केहीको पनि आवश्यकता पर्दैन। हाम्रो विश्वास बढाउन अरू कुनै बाहिरी कुराको खाँचो पर्दैन। पावल भन्दछन्, "भाइ हो, तिमीहरूका निम्ति परमेश्वरलाई सधैं धन्यवाद चढाउन हामी बाध्य छौं। यो योग्य पनि छ

किनकि तिमीहरूको विश्वास प्रशस्त गरी वृद्धि भइरहेको छ ।" (२ थिस्लोनिकी १ : ३) जब येशूले यसो भन्नुभयो, "तिमीहरूको विश्वास अनुसार तिमीहरूलाई होस् (मत्ती ९ : २९) परमेश्वरको वचनले यही भन्दछ कि हामी सबैसँग एकै नासको विश्वास हुँदैन परमेश्वरको भय मान्ने व्यक्तिको विश्वासको जाँच भनेको उसले गरेको प्रार्थनाबाट पाएको आशिषलाई लिन सकिन्छ । यदि हामी परमेश्वरको शक्तिमा कसरी वृद्धि हुने भन्ने प्रार्थना गर्दछौं भने हामीले ख्रीष्टको क्रूसलाई हेर्न सक्नुपर्छ । यो चाहिँ म प्रार्थना र एक अर्कासँग कति सङ्गति गर्दछु भन्ने कुराबाट थाहा हुनेछ । विश्वासले मात्र परमेश्वरको अलौकिकताको व्याख्या गर्न सक्दछ ।

यो परमेश्वरको आराधना गर्दै उहाँलाई उचाल्नु हो र उहाँलाई पर्खनु हो । परमेश्वरमा चुपचाप रहेर विश्वाससाथ धैर्य भएर उहाँलाई पर्खनुले हामीमा विश्वास र प्रार्थनाको विकास हुँदै जान्छ । यो हामीले उहाँको वचनबाट पाउँदछौं । यसले हामीलाई उहाँको वचन सुन्न र बुझ्न साथै उहाँको शक्तिको घोषणा गर्न शक्ति दिन्छ । यो परमेश्वरसँग प्रार्थनामा विश्वासद्वारा सँगसँगै रहनु हो र उहाँले हाम्रो निम्ति जे गर्नु र दिनुभयो त्यसलाई ल्याउनु नै विश्वास हो । त्यसले हामीलाई अझ उहाँमा मजबुत गराउँदछ । कति विश्वासीहरूले धेरै प्रार्थना गर्नुकोअर्थ बुझेका हुँदैनन् । तिनीहरूले परमेश्वरसँग घण्टौं बिताउँदा पाउने आशिषलाई बुझ्नु पर्छ । तर गुरुले के भन्नुभयो, उहाँका मानिसहरूको अनुभवबाट नै उनीहरू निर्धक्क हुन्छन् जोसँग विश्वास दह्रो छ त्यसले परमेश्वरसँग प्रार्थनामा समय बिताएको हुन्छ ।

येशूले आफ्ना चेलालाई भन्नुभयो कि "परमेश्वरमा विश्वास राख ।" (मर्कूश ११ : २२) उहाँ जीवित परमेश्वर हुनुहुन्छ जसमा हामीले हाम्रो विश्वासको जरालाई निकै गहिराइसम्म पुऱ्याउनुपर्छ । तब मात्र पहाडलाई हटाउन सकिन्छ र भूतहरूलाई धपाउन सकिन्छ । "यदि तिमीहरूमा विश्वास छ भने तिमीहरूका निम्ति केही असम्भव छैन ।"

हो ! यदि हामीले आफैलाई परमेश्वरको कार्यको निम्ति सुम्पिदियौं र विश्वाससाथ प्रार्थना गऱ्यौं भने पहाडजस्ता ठूला ठूलासमस्या पनि प्रार्थनामा हटिजानेछ । आफू प्रार्थनामा लागिरहनुपर्छ र येशूको नजिक जानुपर्छ त्यसपछि विश्वासको आत्माले हामीलाई शक्ति दिनुहुन्छ । विश्वास हाम्रो प्रार्थनालाई उमार्छ र प्रार्थनाले विश्वासको जरालाई बढाउँछ ।

**प्रार्थना उपवास चाहिन्छ :** विश्वासमा बढ्नको निम्ति प्रार्थना चाहिन्छ र प्रार्थनलाई अगाडि बढाउन उपवास चाहिन्छ । प्रार्थना भनेको नदेखेको कुरालाई दिनुहोस् भनेर माग्ने थोक हो भने उपवास अर्को महत्वपूर्ण अंश हो, यसद्वारा हामी नदेखेको कुरालाई र असम्भवलाई सम्भव बनाउन सकिन्छ । यदि उससँग साँचो प्रार्थना र उपवास छ भने संसारको कुनै पनि थोकले परमेश्वरको आशिषबाट वञ्चित बनाउन सक्दैन । जब येशू उपवासको समयमा भोकाउनु भएको थियो, उहाँ परिक्षित हुनुहुँदा ढुङ्गालाई रोटी बनाउने आदेश दिएको थियो । यो उपवासको समय थियो जुन शैतानले परीक्षा लिएको थियो हाम्रो शरीर पवित्र आत्माको मन्दिर हो । यो शरीरलाई खाना र पानीको अति नै आवश्यक हुन्छ र मात्र शरीर स्वस्थ रहन सक्छ । शारीरिक र आत्मिक खानाको उत्तिकै खाँचो हुन्छ । कति विश्वासीहरूले पवित्र मन्दिरलाई बचाउनको निम्ति स्वस्थ खाना र पिउने बानी हुँदैन । उपवास र प्रार्थनामा सफल हुनको निम्ति सबैभन्दा पहिलो आफैले आफैलाई त्यागनुपर्छ र धेरै भन्दा धेरै प्रार्थना गर्नुपर्छ । यहाँ पनि शाब्दिक अर्थ छ । कसैले उपवासमा खाँदै पिउँदै पनि गर्छन्, कसैले पानी नखाने हुन्छन् तर सबै भन्दा बलियो हाम्रो मन हुनुपर्छ साथै आत्मिक जीवन पनि । साथै परमेश्वरको वचन पनि थाहा हुन अति नै आवश्यक हुन्छ जसले गर्दा जब हामी आत्मिक युद्धमा लडाईं गर्दछौं तब परमेश्वरको वचनमा आधारित भएर उपवाससहित प्रार्थना गर्नुपर्छ र शैतानलाई हकार्नुपर्छ तब त्यो निस्केर भाग्छ । हामी पापमा नै बनाइएका हौं । हाम्रो विभाग अद्‌भूत रीतले बनेको छ जहाँ उपवासले हामी परमेश्वरमा कति गहिराइमा छु भनेर नाप्ने यन्त्रको काम गर्दछ भने प्रार्थनाले हाम्रो र ख्रीष्टको कति गहिरो छ भनेर देखाउने काम गर्दछ । यी सबै परमेश्वरको राज्यको घोषणा नै हो ।

परमेश्वरले आफ्नो पुत्र हाम्रो निम्ति मार्नको लागि कल्वरी पहाडसम्म पठाउनु भयो र उहाँ आज्ञाकारी बन्नुभयो, जुन उहाँको मराईले हामीलाई अनन्त जीवन दिएको छ, हामीले भोग्नुपर्ने कष्ट उहाँले भोग्नुभयो र उहाँलाई विश्वास गर्ने हरेकलाई उहाँको राज्यको भागिदार बनाउनु भयो ।

त्यसैले हामी जो जतिले उहाँलाई पछ्याउँछौं, हाम्रो प्रार्थना परमेश्वरकहाँ पुग्न उपवास सहितको

# छोराछोरीहरूमा विश्वास निर्माण

## (Building Faith In Children)

Vol 77 No 1 (913)

हामी बुबाआमा र हजुरबुबा र हजुरआमाको जहिले पनि हाम्रो इच्छा र उद्देश्य भनेको आफ्ना छोराछोरीहरू आफ्नै खुट्टामा स्वतन्त्र भएर विश्वास निर्माण गरेको चाहन्छौं । हामीले जहिले पनि हाम्रो परिवारमा प्रार्थनाले उनीहरूलाई दैनिक ढाकिरहेको हुन्छौं । एउटै परिवारमा भएकोले आफ्नो पिताको आदेशको पालना गर्नु एउटा परिवारको पहिलो र महत्वपूर्ण कुरा हो, त्यसरी नै हाम्रा क्रियाकलापहरू पनि पवित्र आत्मालाई जीवनमा काम गर्नको निम्ति विश्वासले चाहिँ जगको रूपमा कामको सुरुवात गर्दछ ।

**विश्वासको उपकरण**

"आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनु हुनेलाई हामीले चिनेको हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र मुक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको हो ।" (२ पत्रुस १ : ३) यदि छोराछोरीहरूले परमेश्वर नै सबै कुराको स्रोत हुनुहुन्छ र हाम्रो सबै आशा उहाँको अनुग्रहमा छ, हाम्रो शक्तिमा होइन भन्ने कुरा सिक्न सके भने, तिनीहरूले परमेश्वरमा कसरी सम्बन्ध स्थापित गर्ने र खीष्टमा म को हुँ भन्ने कुराको सन्तुष्टि प्राप्त गर्न सक्नेछन् । आउनुहोस् अझ केही पदहरूबाट नजिकबाट हेरौं ।

**उहाँको ईश्वरिय शक्ति :** परमेश्वर सबै कुराको शक्तिमा आफैं सिद्ध हुनुहुन्छ भन्ने कुरा आफ्ना छोराछोरीलाई सिकाउनुहोस् र यो महत्वपूर्ण छ । यदि हामी आफ्नै शक्तिमा कुनै कुरालाई गर्न खोज्छौं भने हामी सुरक्षित हुँदैन र परमेश्वर त्यस कुराबाट खुसी हुनुहुँदैन । र, यस्तो कुराले परमेश्वरलाई आदर गर्दैन । छोराछोरीहरूलाई आफ्नो शक्तिमा होइन तर परमेश्वरको शक्तिमा निर्भर हुन सिकाउनुहोस् । परमेश्वरको शक्तिले मात्रै तिमीहरूको सबै आवश्यकताहरूलाई पूरा गर्न सक्छ । उहाँले बुबाआमा र हजुरबुबा-हजुरआमालाई उहाँको अद्‌भुत शक्तिले एउटा औजारको रूपमा प्रयोग गर्नुहुन्छ । तर छोराछोरीहरूले स्वतन्त्र भएर जब आफ्नो परिवारबाट टाढा भई जीवन जीउनु अगाडि एउटा खीष्टियन जीवन कसरी जीउने भन्ने कुरा परिवारमा सिक्नु पर्दछ । तपाईं यो कसरी गर्न सक्नुहुन्छ त ? दाऊदको प्रार्थनालाई १ इतिहास २९ : १० - १३ हेर्नुहोस् र परमेश्वरले तपाईंलाई उहाँको शक्तिको बारेमा के सिकाउनुभयो त्यसको कुरा गर्नुहोस् । यो प्रार्थना अक्सर तपाईंको परिवारमा गर्नुहोस् र परमेश्वरको शक्तिको बारेमा वर्णन गरिएको अन्य वचनहरूलाई पनि पढ्नुहोस् ।

"जीवन र ईश्वरभक्तिको लागि चाहिने आवश्यक सबै कुरा उहाँले हाम्रो लागि दिनुभयो, "यदि छोराछोरीहरूले परमेश्वरले सबै कुरा दिनुहुने व्यक्ति हुनुहुन्छ भन्ने कुरा सिक्न सके भने तिनीहरूले परमेश्वरबाट पाउन सिक्छन् । हामीलाई के कुराको आवश्यकता छ ती कुराहरू परमेश्वरले अघिबाटै दिनुभएको छ र त्यसकोलागि हामीलाई बोलाउनुभएको मात्र हो हुनुपर्छ । उपवास भनेको प्रार्थना गर्नलाई ऊर्जा दिने शक्ति हो । साधारण विश्वासीहरूको निम्ति यो अचम्मको वा हुन नसक्ने जस्तो लाग्छ तर पूर्णरूपमा विश्वास गर्नेहरूको निम्ति यो साँच्चै नै जीवनको ऊर्जा शक्ति हो । जसले आत्मिकी जीवनमा अति नै शक्ति बढाएर ल्याउँछ । संसारको प्रहरी जो आफ्नो नियम र कर्तव्यमा तल्लीन हुन्छन् त्यस्तै हामी पनि हाम्रा स्वर्गीय पिताको राज्यको प्रहरी हौं त्यसैले हाम्रो आत्मिकी शत्रुहरूसँग लड्नको निम्ति हतियारसहित तयार बस्नुपर्छ । जब हाम्रो आत्मिकी जीवनमा अन्धकारले ठाउँ पाउँदछ तब हामी परमेश्वरबाट टाढा हुन सक्छौं । र, हाम्रो आत्मिकी कार्यमा हामी असफल हुनसक्छौं, त्यसैले येशूले आफ्ना चेलाहरू जसले पहिला आफै प्रार्थना गरेर भूत धपाउन खोजेका थिए तर सकेनन् । जब उनीहरू येशूसँग सोधे - गुरु हामीले प्रार्थना गर्दा किन यो भूत आत्मा निस्केर गएन । त्यसपछि येशूले तिनीहरूलाई भन्नुभयो कि तिमीहरूको विश्वासको कारण तरै पनि यसप्रकारको आत्मालाई उपवाससहित प्रार्थना गर्नुपर्छ । येशूले उनीहरूलाई प्रार्थनामा उत्साह दिनको निम्ति र अझ धेरै प्रार्थना गरुन् भन्ने हेतुले यसो भन्नुभएको थियो । जब खाँचो हुन्छ उपवास बस्नुहोस् र प्रार्थना गर्नुहोस् । विश्वाससाथ माग्नुहोस्, हाम्रो विश्वासको नाप अनुसार उहाँले हामीलाई दिनुहुनेछ । परमेश्वरमा हाम्रो प्रार्थनाद्वारा हामी प्रार्थनाका योद्धा भन्न सक्नेछौं र यो शक्तिद्वारा नै उहाँले हामीबाट भएर आफ्नो राज्यको विस्तार गर्नुहुनेछ । प्रभु प्रार्थना गर्न सिकाउनुहोस् ।

अहिलेचाहिँ । हाम्रो जीवनलाई परमेश्वरको अधिनमा राख्नको लागि ईश्वरभक्ति मात्र एउटा श्रद्धाको मार्ग हो । त्यसकारण, परमेश्वरले नै उहाँको राज्यको महलको बारेमा बुझ्नको निम्ति उहाँले नै कसरी नम्र बनाउनुहुन्छ भन्ने कुरा उनीहरूलाई सिकाउनुहोस् । यदि छोराछोरीहरूले सबै असल र सिद्ध जीवनको स्रोत परमेश्वर मात्रै हुनुहुन्छ भन्ने कुराको निश्चित भए भने र ती कुराहरूलाई आफ्ना आमाबुबाले प्रयोगमा ल्याएको देखे भने तिनीहरू अझै धेरै आनन्दित हुँदै परमेश्वरको नजिकमा जान्छन् र तपाईं तिनीहरूलाई भनेको कुरा सत्य रहेछ भनेर विश्वास गर्नेछन् । यदि तपाईं आफैले गर्नुभएन भने अर्को कदम चाल्नुभन्दा पहिले, कृपया तपाईं आफ्नो घुँडामा जानुहोस् र तपाईंलाई चाहिने विश्वासको शक्तिको निम्ति प्रार्थना गर्नुहोस् । आफ्नो र आफ्नो छोराछोरीहरूको खातिर आफ्नो विश्वासलाई वृद्धि गर्नको निम्ति उहाँसँग अलौकिक विश्वास र ईश्वरभक्ति माग्नुहोस् ।

हामी ईश्वरीय शक्तिलाई इन्कार गरेर ईश्वरभक्ति देखाउन सकिँदैन, आफ्नो परिवारमा पूर्ण रूपमा धन्यवादी भएर व्यावहारिक तरिकाबाट सिद्धान्तहरू सिकाउनुहोस् । त्यस्तै तपाईं छोराछोरीहरूले केही असल गरिरहेका छन् भने तिनीहरूलाई उत्साह दिनुहोस् र धन्यवादी हुनुहोस् रअसल मार्ग देखाइदिनुहोस् । विशेषगरी प्रथाद्वारा कसरी उहाँले हाम्रो विश्वास निर्माण गर्नुहुन्छ भनेर उनीहरूलाई उत्साह दिनुहोस् र मार्ग देखाइदिनुहोस् ।

सबै कुराको श्रेय परमेश्वरलाई दिनुहोस्, सबै कुरा प्राप्त गर्नका निम्ति नम्रता चाहिन्छ भन्ने कुराको भरोसा दिलाउनुहोस् र सबै सफलता परमेश्वरबाट मात्रै प्राप्त हुन्छ र त्यो परमेश्वरको निम्ति गर्नुहुनेछ । (यशैया २६ : १२) छोराछोरीहरूले यो कुरा थाहा पाउनुपर्छ कि परमेश्वर हाम्रो अप्ठ्यारो/गाह्रो परिस्थितिहरूमा सबै कुरा समाल्नको निम्ति मध्यस्थ हुनुहुन्छ । जब जीवनमा अप्ठ्यारो हुन्छ त्यस समयमा पनि परमेश्वर त्यहीँ हामीसँग हुनुहुन्छ भन्ने कुराको भरोसा गर्नलाई सिकाउनुहोस् र अरुले भन्न सकुन् ऊ, त्यो थकित त्यही हो जो विश्वासमा हुने व्यक्तिहरूको एउटा उदाहरण हो । तिनीहरूलाई याद गर्नुहोस्, तपाईंको परिवारलाई जीवन र ईश्वर भक्तिको लागि चाहिने आवश्यक सबै कुरा जुटाउने परमेश्वर नै हुनुहुन्छ ।

**उहाँमा हाम्रो ज्ञानद्वारा**

हाम्रा छोराछोरीहरूको लागि परमेश्वरलाई पछ्याउने कुरा छान्ने कुराजस्तो बन्न दिनुहुँदैन । उनीहरूको विश्वास उनीहरूको सम्बन्धको आधारमा स्थापित हुनुपर्छ । त्यसकारण उनीहरूले उहाँले प्रभु मुक्तिदाता हुनुहुन्छ भन्ने कुरा जान्नु महत्वपूर्ण छ । उनीहरूको मष्तिस्कमा ज्ञान हुनुपर्दछ तर तिनीहरूको हृदय पनि येशू ख्रीष्टको सत्यसँग गाँसिएको हुनुपर्छ । छोराछोरीहरूले सबैभन्दा महत्वपूर्ण उपहार ग्रहण गर्नुपर्दछ । "... परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँको पुत्रमा छ" (यूहन्ना ५ : ११) आमाबुबा र हजुरबुबा- हजुरआमा तपाईंहरू आफ्ना छोराछोरी तथा नातिनातिनाहरूको मुक्तिको विषयमा गम्भीर हुनु भएन भने तिनीहरू अरुलाई नै महत्वपूर्ण कुरा ठानेर परिवारर परमेश्वरबाट टाढा जान सक्छन् । तपाईंले परमेश्वरमा पूरा गर्नुपर्ने दायित्वबाट तपाईं असफल हुनुहुनेछ ।

व्यावहारिक तरिकालेआमफ्ना छोराछोरी तथा नातिनातिनाहरूलाई परमेश्वरको ज्ञानमा तालिम दिनुहोस् र सिकाउनुहोस् । आफ्ना छोराछोरी तथा नातिनातिनाहरूलाई येशूले गर्नुभएको र भन्नुभएको सुसमाचार र शिक्षाहरूमा निकै होशियारी र धैर्यसाथ हिँड्न सिकाउनुहोस् । परिवारमा के गर्नका लागि उहाँले भन्नुभएको छ त्यो बताउनुहोस् । आफ्नो जीवनको प्रत्येक व्यक्तिहरूमा येशूले भन्नुभएकभो कुराहरू सधैँभरि गर्नका लागि तयार रहनुहोस् । हरेक समय तपाईंको उपस्थितिमा अरुले तपाईंमा येशूको विशेषतालाई देख्न सकुन् । र, येशूको त्यो व्यक्तित्व र विशेषतालाई आफ्नो परिवारमा र सबैमा, साथीभाइमा अभ्यास गर्नुहोस् । तब तपाईंले आफ्नो परिवार येशू ख्रीष्टको ज्ञानमा रूपान्तरित हुँदै गरेको देख्नुहुनेछ ।

**विशेष धन्यवाद**

**पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

**स्थानीय वितरक**

**नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com